# इटहरी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
प्रदेश नं. १, नेपाल

०२५ ५८४५५९
०२५ ५८००४६

## इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

प्रकाशित मितिः २०७९।०५।०८ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) र यस इटहरी उप-महानगरपालिकाको आर्थिक ऐन २०७९ को दफा २० तथा कार्यालयको मिति २०७९/०४/२० को निर्णयानुसार स्वीकृत IEE प्रतिवेदन अनुसार इटहरी उप-महानगरपालिका, सुनसरीको क्षेत्राधिकार भित्र पर्ने वन क्षेत्र बाहेक भएर बग्ने बुढी खोलाबाट स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी इटहरी उप-महानगरपालिकाबाट स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम (मु.अ. कर समेत) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/02R/079/80 (राजस्व) | बुढी खोलाबाट नदीजन्य पदार्थको बिक्री कर संकलन | ४५,९४३.६७ (खोलाहरुको नाका संख्या ४ (चार) | १,१०,००,५५५.६५ | कबोल अंकको ५ % (प्रतिशत) | रु.३,०००।- |

शर्तहरुः

- फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाण-पत्र, आ.ब. २०७८।०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा सो प्राप्त भईनसकेको भए कर कार्यालयबाट म्याद थप भएको पत्र र आ.ब. २०७७।०७८ को करचुक्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३०००००१००१००००००१ मा नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३०००००३००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ।
- खरिद गरेको बोलपत्र फारममा फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ।

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

हेमकर्ण पौडेल
नगर प्रमुख

- बोलपत्र पेश गर्ने अन्तिम समय सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मा जारी भए बमोजिम हुनेछ।
- नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रि गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ। वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी, रोडा र ग्राभेल उत्खनन गरी बिक्री गर्न पाईने छैन ।

| क.सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान | उत्खनन् योग्य परिणाम (आयातन घन मिटर) |
|---|---|---|
| १. | याक्थुंग नाका | १२७२३.३३ |
| २. | त्रिवेणी – सुनौलो टोल नाका | २४५७० |
| ३. | बरगाछी- अठाइटोल नाका | ५७९८.५४ |
| ४. | दोभान- भट्टा नाका | २८५१.८० |
| जम्मा | | ४५९४३.६७ |

- प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २३ औं दिन दिनको २.०० बजे इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध हुनेछ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।
- बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको संकलन तथा बिक्री गर्दा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा, पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधि भित्र रही मात्र गर्नुपर्नेछ।
- खोलाजन्य पदार्थ उत्खनन, सङ्कलन तथा विक्री गर्ने अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८० जेष्ठ मसान्त सम्मको हुनेछ । सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिने छ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

हेमकर्ण पौडेल
नगर प्रमुख

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३